# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुल्रेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- ०७६।०७७

चलानी नं :- ८०९

मिति :- २०७६।०७।२१


## सूचना ! सूचना !! सूचना !!

भानु नगरपालिका कार्यालय कृषि विकास शाखाको आ.व.०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ब्यवसायिक रुपमा कृषि कर्म गर्ने व्यवसायिक किसानहरुका लागि अनुदान दिने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, समुह, सहकारी, फर्म, कम्पनीहरुले सुचना प्रकाशन भएको ३० दिन भित्र देहाय बमोजिमको शिर्षकमा तपशिलका कागजातहरु सहित यस भानु नगरपालिका कृषि विकास शाखा तथा कृषि सेवा केन्द्र/सम्पर्क केन्द्रहरुमा रितपूर्वकको निवेदन दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ। कागजात नपुगेका र म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कार्यवाही नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

**अनुदानका शिर्षकहरु**

१. फलामे हलो- (एक हल गोरु पाली आफैंले हलो जोत्ने हुनु पर्ने)

२. कृषि यान्त्रिकिकरणमा सहयोग(५०% अनुदान)-(मिनि टिलर,पावर टिलर,मकै छोडाउने मेशिन)

३. कृषि औजार उपकरण सेट ५०%मा वितरण)
(आरी,सिकेचर,भन्याङ,स्प्रेयर,ब्रस कटर,प्लाष्टिक केट,खाडल खन्ने मेशिन आदि)

४.हाईटेक नर्सरी स्थापना (प्रतेक वडामा १ वटाका दरले निर्माण गरिने)

५.खाली मौरीघार ५०% मा अनुदान

६.प्लाष्टिक टनेल ५०% अनुदानमा वितरण

७.च्याउको वीउ ५०% अनुदानमा वितरण

८. केरा विरुवा ५०% अनुदानमा वितरण।

९. भकारो सुधार कार्यक्रम(सशर्त तर्फको)।

१०.साना सिंचाइ निर्माण तथा मर्मत सुधार(सशर्त तर्फको)।

**आबश्यक कागजातहरु**

१.निवेदन

२.नेपाली नागरिकताको प्रतिलिपी

३.ब्यबसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी(संभव भए संम)

३. कृषक परिचय पत्र(कृषक पहिचान वर्गिकरण फाराम) को प्रतिलिपी

४.निर्दिष्ट फर्मेट अनुसारको कार्ययोजना

५.साना सिंचाईको हकमा जग्गा धनी पुर्जाको प्रतिलिपि र प्रति निवेदन रु १००/-तिरेको हुनु पर्ने।

६.समुह/सहकारीले माग पेश गर्दा बैठकमा गरका निर्णयको प्रतिलिपी।

देव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं :- ८७५
मिति :- २०७६।०७।२१

## सूचना ! सूचना !! सूचना !!

भानु न.पा. पशु सेवा शाखाको आ.ब.०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ब्यबसायिक रुपमा पशुपालन गर्ने ब्यवसायिक किसानहरुका लागि अनुदान दिने कार्यक्रम रहेको हुँदा समुह, सहकारी, फर्म, कम्पनीहरुले सुचना प्रकाशन भएको ३० दिन भित्र देहाय बमोजिमको शिर्षकमा तपशिलका कागजातहरु सहित यस भानु नगरपालिका पशु सेवा शाखा तथा सेवा केन्द्रहरुमा निबेदन दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**आबश्यक कागजातहरु**

१.निबेदन
२.नेपाली नागरिकताको प्रतिलिपी
३.ब्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी
४.निर्दिष्ट फर्मेट अनुसारको कार्ययोजना
५.माछा पोखरी निर्माणको हकमा जग्गा धनी पुर्जाको प्रतिलिपी
६. कृषक परिचय पत्र(कृषक पहिचान वर्गिकरण फाराम) को प्रतिलिपी

**अनुदानका शिर्षकहरु**

| | |
|---|---|
| १. माछा पोखरी निर्माण | ४० रोपनी |
| २. स्थानीय कुखुरामा अनुदान | कम्तीमा ५० माउ कुखुरा हुनुपर्ने |
| ३.मासु पसल सुधार | दैनिक २० के.जी भन्दा बढी मासु बिक्रिगर्ने |
| ४.ब्याड बोका बितरण | |
| ५.ब्याड राँगो, साँढे बितरण | |
| ६.बाखा खोर सुधार कार्यक्रम | |
| ७.स्थानिय सुँगुर संरक्षण कार्यक्रम | समुहमा |

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत